नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(अनुमतिपत्र महाशाखा)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२

फ्याक्स: ४५३९९०३

पोष्ट बक्स नं.: २५००७

सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या: ०७८/०७९

चलानी नं.: ११८२

मिति: २०७८/१२/१७

विषय:- ग्रिन भिलेज सौर्य विद्युत आयोजना,सोलुखुम्बु, को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र दरखास्त सम्बन्धमा ।

श्री घाम खेती प्रा.लि.
थापागाउ-१०, नयाँ बानेश्वर,काठमाडौं , नेपाल
९८०८३७२१८९ /९८५१२६६४५५

प्रस्तुत विषयमा तहाँबाट पेश भएको ग्रिन भिलेज सौर्य विद्युत आयोजना को "विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र"को दरखास्त उपर कारवाही हुँदा "विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका,२०७५" को दफा (७),(८) र (९) अनुसार तथा "ग्रिड कनेक्टेड वैकल्पिक विद्युत विकास सम्बन्धि कार्यविधि ,२०७८" बमोजिम तपसिल अनुसारका विवरणहरु नपुग देखिएकोले सो विवरणहरु १५ (पन्ध्र) दिनको समयावधि भित्र पेश गर्नुहुन विभागको मिति २०७८/१२/१६ को निर्णयानुसार जानकारी गराइन्छ ।

तपसिल:

१. प्रवर्द्धकको संस्था दर्ता प्रमाण-पत्र,प्रबन्धपत्र, नियमावली, PAN दर्ता, कर चुक्ता वा कर दाखिलाको प्रमाण तथा कम्पनीको अद्यावधिक शेयर लगत अभिलेखका प्रमाणित प्रतिहरु,
२. संचालक समितिको निर्णयबाट तोकिएको आधिकारिक व्यक्ति सम्बन्धि विवरण तथा औपचारिक पत्राचार गर्ने ठेगाना एवंम् सम्पर्क नम्बर ,इमेल आदि,
३. कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारि गरिने कम्पनी अद्यावधिक पत्रको प्रमाणित प्रति,
४. परामर्शदाता बाट प्रमाणित डेस्क स्टडी रिपोर्ट (Installed capacity अनुसार),
   - अध्ययन सम्पन्न गर्न र शुरुको एक बर्षमा गर्ने अध्ययनको कार्य तालिका (Work Schedule)
   - परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित लागत (Cost Breakdown) र कुल अवधि(सर्वेक्षण र निर्माण समेतको लागि)
   - आयोजना विकास गर्ने विषयमा प्राविधिक विश्लेषण सहितको प्रस्ताव (परियोजनाको कुल जडान क्षमता र वार्षिक उत्पादनको अनुमान सहित)
५. Soft Copy Of Desk Study Report in Editable Format,
६. CA बाट प्रमाणित कम्पनीको नाममा रहेको खुद सम्पत्ति(Net Worth)को प्रमाणित प्रति(UDIN भएको),
७. Net Worth प्रमाणित गर्ने CAको संस्था दर्ता प्रमाण-पत्र ,नविकरण प्रमाण पत्र तथा COP का प्रमाणित प्रतिहरु,
८. परामर्शदातको दर्ता प्रमाण पत्र,प्रबन्ध-पत्र, नियमावली, PAN दर्ता तथा कर चुक्ता प्रमाणका प्रमाणित प्रतिलिपिहरु,
९. अयोजनाको सम्भाव्यता अध्ययन गर्ने विषयमा परामर्शदात्री सम्झौता(Work Description,Deliverables,cost आदि खुलेको) ।
१०. प्रस्तावित आयोजना सिंचाई योग्य जमिन भित्र नपर्ने भनी जलस्रोत तथा सिंचाई विभाग वा प्रदेश सरकार अन्तर्गतको भौतिक पूर्वाधार विकास मन्त्रालयको सिफारिस पत्र(Coordinate खुलेको,
११. प्रस्तावित आयोजना निकुन्ज तथा आरक्षण क्षेत्र भित्र नपर्ने भनी वन तथा वातावरण मन्त्रालयको सिफारिस पत्र(Coordinate खुलेको) ) ।

(प्रदिप कुमार राउत)
ईञ्जीनियर